**प्रस्ताव नं. १ : बस्तीको तहगत क्षेत्र तोक्ने सम्बन्धमा ।**

**निर्णय नं. १** : यस नगरपालिकामा भूमि सम्बन्धी समस्या समाधान कार्यको सिलसिलामा तपसिल बमोजिमका क्षेत्रलाई ग्रामीण, शहरीन्मुख र शहरी क्षेत्र भनेर वर्गीकरण गर्ने निर्णय गरियो ।

| क्र.स. | वडा नं. | शहरी क्षेत्र | शहरीन्मुख क्षेत्र | ग्रामीण क्षेत्र |
|---|---|---|---|---|
| १ | १२ | | पश्चिममा इलाका वन कार्यालय, उत्तर पुर्वमा इलाका प्रहरी कार्यालय, दक्षिणमा छिन्चु खोला पुल र बजार क्षेत्रमा मुख्य सडकदेखि १०० मिटर | अन्य बाँकी ग्रामीण क्षेत्र |
| २ | ११ | | रामघाट प्रहरी चौकीदेखि सेवा केन्द्र सम्म सडकको दाँयाबाँया ५० मिटसम्म, रामघाट प्रहरी चौकीदेखि पश्चिम थोत्रेखोलासम्म सडकको दाँयाबाँया ५० मि.<br>शिखर मा.वि. देखि भेरी पुल जाने तल्लो सडकको ११ र १३ को खोत्रेखोला सिमाना सडकको दाँयाबाँया ५० मि. शिखर मा.वि. देखि सादिखोला चौडाहा चोक सडकको दाँयाबाँया ५० मिटर, शिखर मा.वि. देखि ठुलो साल पानी टंकी सडको दाँयाबाँया ५० मि. | अन्य बाँकी ग्रामीण क्षेत्र |
| ३ | १० | | उत्तरमा १२ र १० को सिमाना दुर्गा मन्दिर, दक्षिणमा पुरानो माछापुच्छे होटल र जय बहादुर वली खेत बाटो र रत्न राजमार्गको दाँयाबाँया १०० मिटर | अन्य बाँकी ग्रामीण क्षेत्र |
| ४ | १३ | | | ग्रामीण क्षेत्र |
| ५ | ९ | | पुर्वमा झिंग्नी खोला, पश्चिममा नाच्ने खोला पुल, उत्तरमा नेरामावि क्षेत्र, दक्षिणमा पिपल चौतारादेखि जहरे झिंग्नी सडक, गोलपार्क टोल चोकसम्म दाँयाबाँया १०० मि. | अन्य बाँकी ग्रामीण क्षेत्र |
| ६ | ८ | | | ग्रामीण क्षेत्र |
| ७ | ७ | | | ग्रामीण क्षेत्र |
| ८ | ६ | | | ग्रामीण क्षेत्र |
| ९ | ५ | | | ग्रामीण क्षेत्र |
| १० | ४ | | | ग्रामीण क्षेत्र |
| ११ | ३ | | | ग्रामीण क्षेत्र |
| १२ | २ | | | ग्रामीण क्षेत्र |
| १३ | १ | | | ग्रामीण क्षेत्र |

**प्रस्ताव नं. २ : प्रचारप्रसार गर्ने सम्बन्धमा ।**

**निर्णय नं. २** : यस नगरपालिकाभित्र रहेका भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीको पहिचान तथा लगत संकलन कार्यलाई प्रभावकारी रुपमा संचालन गर्न नगरपालिकाभर माइकिङ गर्ने, विभिन्न पर्चा, पम्प्लेट तथा संचार माध्यमको प्रयोग गरी प्रचारप्रसार कार्य गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ३ : निवेदन दिने सम्बन्धमा ।**

निर्णय नं. ३ : यस नगरपालिकाभित्र रहेका भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीको पहिचान, लगत संकलन कार्यलाई व्यवस्थित र प्रभावकारी रुपमा संचालन गर्नको लागि सम्बन्धित वडा कार्यालयको तजविज अनुसार निवेदन दिन व्यवस्था मिलाउने निर्णय गरियो ।

**प्रस्ताव नं. ४ : आयोगलाई अमिन र सर्भेक्षक उपलब्ध गराउन पत्र लेख्ने सम्बन्धमा ।**

**निर्णय नं. ४** : यस नगरपालिकाभित्र रहेका भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीको पहिचान, लगत संकलन कार्यलाई व्यवस्थित र प्रभावकारी रुपमा संचालन गर्नको लागि यस नगरपालिकामा सर्भेक्षक र अमिन जनशक्तीको अभाव हुने देखिएकोले त्यसको पूर्तिको लागि भूमि सम्बन्धी समाधान आयोगलाई सर्भेक्षक र अमिन उपलब्ध गराइदिनको लागि अनुरोध पत्र पठाउने निर्णय गरियो ।

**प्रस्ताव नं. ५ : वडास्तरीय सहजीकरण समिति गठन सम्बन्धमा ।**

**निर्णय नं. ५** : यस नगरपालिकाभित्र रहेका भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीको स्थलगत रुपमा तथ्यांक संकलन तथा नाप नक्साको काममा सहजीकरण गर्न तथा वडा समितिलाई आवश्यक सहयोग पुऱ्याउन देहायबमोजिमको वडास्तरीय भूमि सम्बन्धी समस्या समाधान सहजीकरण समिति गठन गर्ने निर्णय गरियो ।

तपसिल :

| | |
|---|---|
| क) वडा अध्यक्ष | अध्यक्ष |
| ख) वडा सदस्यहरु | सदस्य |
| ग) सम्बन्धित वडा अध्यक्षको सिफारिसमा सम्बन्धित स्थानीय तहका प्रमुख वा अध्यक्षले मनोनयन गरेका भूमि, आवास लगायत क्षेत्रमा काम गरिरहेका संघसंस्था वा नागरिक समाजका कम्तीमा एक महिला सहित दुई जना प्रतिनिधि | सदस्य |
| घ) वडा सचिव | सदस्य सचिव |

**प्रस्ताव नं. ६ : भर्ना गरिएका कर्मचारीको सेवा सुविधा सम्बन्धमा ।**

**निर्णय नं. ६** : यस नगरपालिकाभित्र रहेका भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीको पहिचान, लगत संकलन कार्यलाई व्यवस्थित र प्रभावकारी रुपमा संचालन गर्नको लागि नयाँ भर्ना गरिएको कर्मचारीलाई मासिक तलब प्रचलित नियमानुसार उपलब्ध गराउने निर्णय गरियो ।

**प्रस्ताव नं. ७ : अन्य कर्मचारी परिचालन र सेवा सुविधा सम्बन्धमा ।**

**निर्णय नं. ७** : यस नगरपालिकाभित्र रहेका भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीको पहिचान, लगत संकलन कार्यलाई व्यवस्थित र प्रभावकारी रुपमा संचालन गर्नका लागि हाल भर्ना गरिएका कर्मचारी बाहेकका भूमि सम्बन्धी काममा यस नगरपालिकाका र वडाका कर्मचारीहरुलाई परिचालन गर्ने र सो काममा संलग्न वडा नं. १, २, ३ र ५ मा खटिने कर्मचारीलाई मासिक तलब स्केलको २५ प्रतिशत भत्ता रकम र अन्य वडामा खटिएका कर्मचारीलाई मासिक तलब स्केलको २० प्रतिशत भत्ता रकम उपलब्ध गराउने निर्णय गरियो ।

**प्रस्ताव नं. ८ : कर्मचारी परिचयपत्र सम्बन्धमा ।**

**निर्णय नं. ८** : यस नगरपालिकाभित्र रहेका भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीको पहिचान, लगत संकलन लगायत कार्य गर्न फिल्डमा खटिने कर्मचारीलाई कर्मचारी परिचयपत्रको व्यवस्था गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ९ : बजेट व्यवस्था सम्बन्धमा ।**

**निर्णय नं. ९** : यस नगरपालिकाभित्र रहेका भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीको पहिचान, लगत संकलन लगायत कार्य संचालनको लागि वडामा स्टेशनरी, चिया खाजा लगायतको खर्च कार्यक्रम अवधिभर वडाबाट १५,०००। दरले  बजेट व्यवस्था गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. १० : लगत संकलन इकाईको बजेट व्यवस्था सम्बन्धमा ।**

**निर्णय नं. १०** : यस नगरपालिकाभित्र रहेका भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीको पहिचान, लगत संकलन लगायत कार्य संचालनको लागि यस नगरपालिकामा स्थापना गरिने लगत संकलन इकाईको लागि आवश्यक पर्ने ब्यानर, स्टेशनरी, टेबुल, कुर्सी, कम्प्युटर, प्रचारप्रसार लगायत सामग्री तथा उपकरण आदिको व्यवस्था गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ११ : जग्गा नाममा बनाउने सम्बन्धमा ।**

**निर्णय नं. ११** : यस नगरपालिकको प्रशासनिक भवन र १५ शैयाको अस्पताल निर्माण गर्न हाल नगरपालिका भवन रहेको जग्गा भेरीगंगा न.पा. १२, नगरपालिकाको नाममा ल्याउन आवश्यक प्रक्रिया र सहयोगको लागि जिल्ला प्रशासन कार्यालय सुर्खेतमा अनुरोध गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. १२ : रकम भुक्तानी सम्बन्धमा ।**

**निर्णय नं. १२** : कोरोना भाइरस रोकथाम तथा नियन्त्रणको क्रममा वडा नं. ०५ मा राहत वितरण तथा अन्य खर्च भएको तपसिलको रकम भुक्तानी दिने निर्णय गरियो ।

तपसिल :

क) बबई हेल्थ डेक्समा अस्थायी चेक पोस्टमा इन्टरनेट जडान रु. १४,४००।

ख) राहत सामग्री ढुवानी गरेवापत गोविन्द भण्डारीलाई रु. ९,२००।

ग) राहत सामग्री ढुवानी गरेवापत गोपाल सुनारलाई रु. ६,०००।

घ) राहत बाड्दा खाना नास्ता वापत दिपा सुनारलाई रु. १२,७५०।

ङ) राहत अन्लोड गरेवापत लोकेन्द्र वलीलाई रु. ३,०००।